# औपचारिक क्षेत्रमा काम गर्ने श्रमिकहरुको सामाजिक सुरक्षा योजना



# औपचारिक क्षेत्रका श्रमिकको लागि सञ्चालित सुरक्षा योजनाहरु




कोषका योजनाहरु ILO अभिसन्धी १०२ मा आधारित रहि योजनाहरु कार्यन्वयन भईरहेका।

# योजनामा सहभागी हुन कोषमा जम्मा गर्नु पर्ने रकम




योगदान दर




रोजगारदाता बाट

२० %

कर्मचारीबाट

११%

आधारभुत पारिश्रमिकको ३१% अनिवार्य र कर्मचारीले स्वैच्छिक रुपमा समेत थप जम्मा गर्न सक्ने।

कर्मचारीले स्वैच्छिक रुपमा थप जम्मा गरेको रकम अवकाश सुविधा योजनामा जम्मा हुने ।



# योजनाहरुमा रकमको बाँडफाँड







| | |
|---|---|
| १. औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना | १% |
| २. दुर्घटना तथा अशक्तता सुबिधा योजना | १.४% |
| ३. आश्रित परिवार सुबिधा योजना | ०.२७% |
| | **२.६७%** |
| ४. बृद्ध अवस्था सुबिधा योजना | |
| क) निवृत्तभरण सुबिधा | २०% |
| ख) अवकाश सुबिधा | ८.३३% |
| | **२८.३३%** |
| जम्मा योगदान | **३१%** |

**पुनश्चः उल्लेखित योजना बाहेक योगदानकर्ताको पति वा पत्नि र योगदानकर्ताको घातक रोगको उपचारको खर्च कोषवाट व्यहोरिने ।**







# योजनाहरुमा रकमको बाँडफाँड













सामाजिक बीमा कोषमा जम्मा हुने
रकम बीमा अन्तर्गतको सुविधा भुक्तानीमा खर्च हुने
भएकाले फिर्ता नहुने।

# पहिलो योजना: क) औषधी उपचार तथा स्वास्थ्य सुविधाको सिमा तथा शर्तहरु




- बार्षिक १ लाख सम्मको औषधि उपचार
  - कम्तिमा ३ महिना नियमित योगदान गरेको योगदानकर्ता र निजको दम्पतीलाई OPD Treatment को वार्षिक रु २० हजारसम्मको शोधभर्ना,
  - कम्तिमा ३ महिना नियमित योगदान गरेको योगदानकर्ता र निजको दम्पतीलाई IPD Treatment को वार्षिक रु ८० हजार सम्मको शोधभर्ना,
- २ वर्ष योगदान गरेको योगदानकर्तालाई घातक रोग लागेमा रु १० लाख सम्म उपचार खर्चको शोधभर्ना,
- डाक्टरको सल्लाहमा बसेको ७९ दिन सम्मको बीरामी बिदा वापत निजको आधारभुत पारिश्रमिकको ६० % को दरले भुक्तानी।

**यस योजना अन्तरगतको औषधि उपचार कोषवाट ८० प्रतिशत र योगदानकर्तावाट २० प्रतिशत व्यहोरिने व्यवस्था रहेको।**

**स्वास्थ्य संस्थालाई भुक्तानी हुने उपचार बाहेकको सुविधा योगदानकर्ता पोर्टलमा गई Online मार्फत दाबी गर्न सकिने**

# पहिलो योजनाः ख) मातृत्व सुरक्षा सुविधाको सिमा तथा शर्तहरु




- कम्तिमा ३ महिना नियमित योगदान गरेको योगदानकर्ता वा निजको दम्पतीलाई रु १ लाखसम्मको मातृत्व सम्वन्धी उपचारको शोधभर्ना,
- न्युनतम पारिश्रमिक बराबर शिशु स्याहार खर्च,
- महिला योगदानकर्तालाई ३८ दिनसम्मको सुत्केरी बिदा वापतको आधारभुत पारिश्रमिकको ६० % को दरले भुक्तानी,
- २४ हप्ता भन्दा बढि समयको गर्भपतनलाई समेत मातृत्व सरह शुविधा प्रदान हुने।

यस योजना अन्तरगतको औषधि उपचार कोषवाट ८० प्रतिशत र योगदानकर्तावाट २० प्रतिशत व्यहोरिने व्यवस्था रहेको।

स्वास्थ्य संस्थालाई भुक्तानी हुने उपचार बाहेकको सुविधा योगदानकर्ता पोर्टलमा गई Online मार्फत दावी गर्न सकिने

# दोस्रो योजनाः दुर्घटना तथा अशक्तता सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु




- योगदान प्रारम्भ गरेको मितिबाटै कामको सिलसिलामा हुने दुर्घटनाको उपचारको सम्पूर्ण खर्चको शोधभर्ना।
- योगदान प्रारम्भ गरेको मितिबाटै अन्य दुर्घटनाको उपचारको रु ७ लाख सम्म शोधभर्ना।
- योगदान शुरु गरेको २ वर्ष पुगेको योगदानकर्ताको ब्यवसायजन्य रोगको उपचारको सम्पूर्ण खर्चको शोधभर्ना।
- कामको सिलसिलामा हुने दुर्घटना वा व्यवसायजन्य रोगले अस्थाई पुर्ण असक्षम भएमा काममा नर्फकेसम्म आधारभुत पारिश्रमिकको ६०% वरावरको रकम।
- कामको सिलसिलामा हुने दुर्घटना वा व्यवसायजन्य रोगको कारणबाट स्थाई रुपमा अशक्त भएमा अशक्तताको अनुपातमा आधारभुत पारिश्रमिकको ६०% सम्म आजिवन असक्षमता पेन्सन।

**कोषले तोकेको अस्पताल मार्फत उपचार गराउनु पर्ने। अन्यत्र उपचार गराईरहेको भएमा ७ दिन भित्र कोषका जानकारी गराउनु पर्ने।**

# तेस्रो योजना: आश्रित परिवार सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु

**योगदानकर्ताको जुनसुकै कारणबाट मृत्यु भएमा प्राप्त हुने ।**




- वृद्धावस्था सुरक्षा योजनामा जम्मा भएको रकम प्रतिफल सहित फिर्ता,
- आश्रितलाई (बैवाहिक भए निजको पति वा पत्नि र बैवाहिक नभए एकाघरको निजको वुवाआमा) आधारभुत पारिश्रमिकको ६० % प्रति महिना पेन्सन,
- २१ वर्ष ननाघेका बालबच्चालाई आधारभुत पारिश्रमिकको ४० % शैक्षिकवृत्ती,
- रु २५ हजार अन्तिम संस्कार खर्च ।

**शर्तहरु**

- योगदान गरेको दिनबाट शुरु भई योगदान गर्न छाडेसँगै समाप्त हुने ।
- आश्रित पेन्सन प्राप्त गर्न वैकल्पिक रोजगारी नभएको र दोस्रो विवाह नगरेको हुनु पर्ने ।

# चौथो योजना: वृद्धावस्था सुरक्षा योजना








**१ अवकाश सुविधा योजना**

**२ निवृतभरण सुविधा योजना**





# चौथो योजना: वृद्धावस्था सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु

## १. अवकाश योजना




- ८.३३% रकम र स्वेच्छिक रुपमा जम्मा गरेको अतिरिक्त रकमबाट सञ्चालन गरिने।
- रोजगारीको अन्त्य हुने वित्तिकै रकम निकाल्न सकिने।
- तोकिए बमोजिम ब्याज र लगानीबाट प्राप्त हुने थप प्रतिफल समेत पाइने।
- ३६ महिना योगदान पुगे पछि जम्मा भएको रकमको ८०% सापटीको रुपमा निकाल्न सकिने।

# चौथो योजनाः वृद्धावस्था सुरक्षा योजना सुविधाको सिमा तथा शर्तहरु

## २. निवृत्तभरण योजना




- ६० बर्ष उमेर पुगे पछी आफ्नो योगदानका आधारमा आजिवन निवृत्तभरण पाउने ।
  - निवृत्तभरण योजनामा जम्मा भएको प्रतिफल सहितको रकमलाई १६० ले भाग गरी मासिक निवृत्तभरण निर्धारण हुने ।
  - समय समयमा मुद्रास्फिति समायोजन हुदै पेन्सन बढ्दै जाने ।
- ६० बर्ष उमेर पुग्दै गर्दा १८० महिना भन्दा कमको योगदान भएमा एकमुष्ठ निकाल्न पनि पाईने ।
- कोषवाट निवृतभरण पाईरहेको व्यक्ति मृत्यू भएमा निजको पति वा पत्निलाई ५० प्रतिशत आजिवन मासिक रुपमा निवृतभरण ।

# कर छुट लगायत अन्य ब्यवस्था

- १ % सामाजिक सुरक्षा कर तिर्न नपर्ने ।
- करयोग्य आम्दानीको एक तिहाई वा वार्षिक रु ५ लाख सम्म आयमा कर छुट पाउने ।
- कर छुटको लागी ३१ प्रतिशत वाहेक अतिरिक्त रकम कोषमा नै जम्मा गर्न सकिने ।
- योगदानकर्ता सापटि अन्तरगत ऋण सापटि सुविधा लिन सकिने ।
- योगदानकर्ता सन्तति छात्रवृतिमा सहभागि हुन सकिने ।

# धन्यवाद

## विस्तृत जानकारीको लागी

- लग इन गर्नु होस: www.ssf.gov.np
- कल गर्नु होस: **1116**
- इमेल गर्नु होस: info@ssf.gov.np
- सस्क्राइब गर्नु होस:

  Facebook : social security fund

  Viber: ssfnepal




वेबसाइट : www.ssf.gov.np मा गई ऐन नियम अन्तरगत सम्बन्धित कार्यविधि पाउन सक्नुहुनेछ।